# लेखापरीक्षण ऐन, २०४८

प्रमाणीकरण र प्रकाशन मिति

२०४८।७।११

**संशोधनहरू**

[◎]१. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ — २०६६।१०।७

२०४८ सालको ऐन नं. १६

## लेखापरीक्षणसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : लेखापरीक्षणसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "लेखापरीक्षण ऐन, २०४८" रहेको छ .

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

[⌘](क) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, व्यवस्थापिका-संसद, संविधान सभा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी वा नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय र अदालत समेत सम्झनु पर्छ ।

(ख) "लेखा" भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानुनबमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँछ ।

---

[◎] यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएका प्रशस्ती र अधिराज्य शब्द झिकिएको ।

[⌘] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।



नेपाल कानून आयोग

(ग) “परीक्षण” भन्नाले लेखाको जाँच र त्यसको आधारमा गरिने मूल्यांकन तथा विश्लेषण समेतलाई जनाउँछ ।

(घ) “नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था” भन्नाले सबै शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था वा सबै शेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले पूर्ण उत्तरदायित्व ब्यहोर्नु पर्ने संगठित संस्था समेतलाई जनाउँछ ।

(ङ) “नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्था” भन्नाले पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

३. **लेखापरीक्षण सम्बन्धी तरीका** : (१) महालेखा परीक्षकले लेखापरीक्षण गर्ने कार्यालय, संस्था वा निकायहरूको आर्थिक कारोवार र सोसँग सम्बन्धित अन्य क्रियाकलापहरूको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरीका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा आलोचना गर्न र प्रतिवेदन गर्न सक्नेछ ।

(२) महालेखा परीक्षकले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेमा देहायबमोजिम गर्न सक्नेछ :–

(क) नेपाल सरकारद्वारा अनुदान प्राप्त गरी संचालन भएका कार्यक्रम तथा आयोजनाको स्थिति तथा लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्न,

(ख) सरकारी कामको ठेक्का लिने ठेकेदारलाई निजसँग रहने सो ठेक्कासँग सम्बन्धित कागजात वा अन्य प्रमाण समेत प्रस्तुत गर्न लगाउन,

(ग) लेखापरीक्षणको काममा कुनै विशेषज्ञको सेवा उपलब्ध गर्न र आवश्यक परेमा उचित पारिश्रमिक दिई करारमा काम लगाउन ।

नेपाल कानून आयोग

४. **<u>परीक्षण गर्ने कुराहरू</u>** : महालेखा परीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी देहायका कुराहरूको परीक्षण गर्नेछ :-

(क) विनियोजन ऐनबमोजिम विभिन्न सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षक तथा उप-शीर्षकहरूमा स्वीकृत भएका रकमहरू तोकिएको सेवा तथा कार्यका निमित्त स्वीकृत सीमाभित्र रही सोही प्रयोजनको लागि खर्च गरिएको छ छैन,

(ख) आर्थिक कारोबार गर्दा प्रचलित कानुनको अनुसरण गरिएको छ छैन र आम्दानी खर्च भएका कलमहरूको प्रमाण यथेष्ट छ छैन,

(ग) तोकिएको ढाँचा अनुरूप लेखा राखिएको छ छैन र त्यसले आर्थिक कारोवारको यथार्थ चित्रण गर्छ गर्दैन,

(घ) सरकारी सम्पत्तिको लगत दुरूस्त र अद्यावधिक छ छैन, सरकारी सम्पत्तिको संरक्षण र सुप्रबन्धको पर्याप्त व्यवस्था छ छैन,

(ङ) नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानी नोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था गरिएको छ छैन, भए त्यसको अनुसरण गरिएको छ छैन,

(च) राजस्व, अरू समस्त आम्दानी र धरौटी समेतको लेखा ठीक छ छैन मूल्याङ्कन गर्ने, असूल तहसिल गर्ने र लेखा राख्ने तरीकाहरूको सम्बन्धमा पर्याप्त नियमहरू छन् छैनन्, भए तिनीहरूको पालना गरिएको छ छैन,

(छ) सरकारी ऋण, जमानत, निक्षेप, ऋण निवारण कोष तथा ऋण विमोचनका निमित्त पर सारिएको र विमोचन गरिएको रकमहरूको लेखा यथार्थ छ छैन,

(ज) औद्योगिक तथा व्यावसायिक सेवाहरूको आम्दानी खर्च, लेखा, त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोबारसम्बन्धी व्यवस्था र नियमहरू पर्याप्त छन् छैनन् भए तिनीहरूको पालना गरिएको छ छैन,

(झ) कार्यालयको संगठन, व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित छ छैन र सो अनुसार कार्य संचालन भएको छ छैन,

नेपाल कानून आयोग

(ञ) कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको वा कुनै आवश्यक काम गर्न छुटाएको छ छैन,

(ट) उपलब्ध श्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ छैन र हानी नोक्सानी नहुनेगरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको छ छैन,

(ठ) कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको छ छैन तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक छ छैन,

(ड) कार्यालयको उद्देश्य र नीति स्पष्ट छ छैन र निर्दिष्ट उद्देश्य तथा नीति अनुरूप कार्यक्रम तयार भएको छ छैन,

(ढ) स्वीकृत लागत खर्चको सिमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको छ छैन र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब छ छैन, र

(ण) लक्ष्य प्रगति तथा लागत खर्चको आँकडा राख्ने व्यवस्था पर्याप्त र भरपर्दो छ छैन ।

५. <u>महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू</u> : (१) देहायका कुराहरूको सम्बन्धमा महालेखा परीक्षकले औचित्यको विचार गरी परीक्षण गर्नेछ :-

(क) निकासा अनुसार खर्च गरेको भए तापनि बेमुनासिब तरीकाले वा चल अचल राष्ट्रिय धन बरबाद हुने गरी खर्च भएको महालेखा परीक्षकको चित्तले देखेमा त्यस्तो खर्च र निकासाको सम्बन्धमा, र

(ख) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जंगल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाहरूको सम्बन्धमा ।

(२) आयव्ययसम्बन्धी लेखापरीक्षणको काम हुँदा बेरूजुका सामान्य कलमहरू र औचित्यको दृष्टिकोणबाट महालेखा परीक्षकले उल्लेखनीय नदेखेका अन्य कलमहरू समेत आफनो प्रतिवेदनमा नपार्न पनि सक्नेछ ।

नेपाल कानून आयोग

६. **<u>नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण</u>** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण यस ऐनबमोजिम महालेखा परीक्षकद्वारा हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले नभ्याउने भएमा प्रचलित कानुनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखापरीक्षकले सहायकको रूपमा नियुक्त गर्न सक्नेछ । यसरी सहायकको रूपमा लेखापरीक्षकहरू नियुक्त गर्दा नेपाली नागरिकलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएका लेखापरीक्षकहरूले महालेखा परीक्षकको निर्देशन, रेखदेख र नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहायकको रूपमा नियुक्त भएका लेखापरीक्षकको काम, कर्तव्य, अधिकार र दायित्व तथा निजहरूले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया एवं प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था महालेखा परीक्षकले तोकिदिएबमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम नियुक्त लेखापरीक्षकले सम्बन्धित संस्थाबाट पाउने पारिश्रमिक त्यस्तो संस्थाको आर्थिक कारोबार लेखाको अवस्था, शाखा, उपशाखाको संख्या, कार्य बोझ तथा कार्य प्रगति समेतको विचार गरी महालेखा परीक्षकले तोकिदिएबमोजिम हुनेछ ।

७. **<u>नेपाल सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण</u>** : (१) नेपाल सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थाहरूको लेखापरीक्षण सो संस्थासम्बन्धी प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थाहरूको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षक नियुक्ति गर्न महालेखा परीक्षकको परामर्श लिंदा अपनाउनु पर्ने प्रक्रिया तथा लेखापरीक्षकले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने लेखापरीक्षणका सिद्धान्तसम्बन्धी कुराहरू महालेखा परीक्षकले तोकिदिएबमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम महालेखा परीक्षकसँग परामर्श गरी नियुक्त भएका लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले महालेखा परिक्षकको विभागमा समेत पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनबाट देखिएको त्रुटीको सम्बन्धमा महालेखा परीक्षकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

८. ۞ ... ... ...

९. **अधिकृत र कर्मचारीहरूको नियुक्ति र सेवाका अन्य शर्तहरू** : (१) महालेखा परीक्षकको कर्तव्य पालनमा मद्दतको लागि समय समयमा नेपाल सरकारको स्वीकृति बमोजिम अधिकृत र कर्मचारीहरू रहनेछन् । त्यसरी रहन आएका कर्मचारीहरूको संख्या महालेखा परीक्षकको सहमति बिना घटाइने छैन ।

(२) महालेखा परीक्षकको विभागका अधिकृत र कर्मचारीहरूको एउटा छुट्टै सेवाको गठन हुनेछ, सो सेवामा रहने अधिकृत र कर्मचारीहरूको नियुक्ति र सेवाका अन्य शर्तहरू यो ऐन अन्तर्गत बन्ने नियमहरूमा तोकिएबमोजिम हुनेछ ।

नेपाल कानून आयोग

१०. **महालेखा परीक्षकले निर्देशन दिन सक्ने** : महालेखा परीक्षकले ⌘नेपालको अन्तरिम संविधान, २०६३ वा प्रचलित कानुनको अधीनमा रही लेखासम्बन्धी व्यवस्था मिलाउन नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी कार्यालय वा नेपाल सरकारको पूर्ण वा अधिकाँश स्वामित्व भएको संगठित संस्थालाई समय समयमा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय वा संस्थाको कर्तव्य हुनेछ ।

११. **नियमहरू बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले महालेखा परीक्षकको सल्लाह लिई नियमहरू बनाउन सक्नेछ ।

१२. **बेरूजुमा कारवाही गर्ने**: नेपाल सरकारको आयव्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटी तथा बेरूजुहरूमा प्रचलित कानुनबमोजिम कारवाही गर्नु पर्नेछ ।

१३. **खारेजी र बचाउ** : (१) लेखापरीक्षण ऐन, २०१८ खारेज भएको छ ।

(२) लेखापरीक्षण ऐन, २०१८ बमोजिम लेखापरीक्षण हुन बाँकी लेखाको लेखापरीक्षण यसै ऐनबमोजिम हुनेछ ।

---

۞ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।